# ललितपुर महानगरपालिका

## यल महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

वर्ष ८, अतिरिक्ताङ्क १, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२., मितिः २०८१/०२/२१


## भाग - २

**ललितपुर महानगरपालिकाबाट माध्यमिक शिक्षा परीक्षा (School Education Exam) (SEE) मा स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई शैक्षिक पुरस्कार तथा सम्मान सम्बन्धि कार्यविधि, २०८१**

**प्रस्तावना**

ललितपुर महानगरपालिका भित्र सञ्चालित सबै माध्यमिक विद्यालय तथा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई

उत्प्रेरित गरी गुणस्तरीय शिक्षाका लागि विद्यालय तथा विद्यार्थीहरुमा प्रतिष्पर्धात्मक भावनाको विकास गरी कार्यसम्पादन स्तर उच्च बनाइ समग्र ललितपुर महानगरपालिकाको शैक्षिक विकास र समृद्धिमा टेवा पुर्याउन वाञ्छानीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिइएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो माध्यमिक शिक्षा परीक्षामा स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई शैक्षिक पुरस्कार तथा सम्मान सम्बन्धि कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम **"माध्यमिक शिक्षा परीक्षा** (एस.ई.ई.) **मा स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई शैक्षिक पुरस्कार तथा सम्मान सम्बन्धि कार्यविधि,२०८१"** रहेको छ ।

(ख) यो कार्यविधि नगरकार्यपालिकावाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) "माध्यमिक विद्यालय" भन्नाले ललितपुर महानगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय सम्झनुपर्छ ।

ख) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिकालाई सम्झनुपर्छ ।

ग) "माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.)" भन्नाले माध्यमिक तह (कक्षा १०) को अन्त्यमा लिइने परीक्षा सम्झनुपर्छ ।

घ) "शिक्षा शाखा" भन्नाले ललितपुर महानगरपालिकाको शिक्षा शाखालाई सम्झनुपर्छ यसले शिक्षा महाशाखा समेतलाई जनाउँछ ।

## परिच्छेद-२
## शैक्षिक गुणस्तर सुधार

३. **शिक्षाको गुणस्तर सुधार :** (१) ललितपुर महानगरपालिका क्षेत्र भित्र सञ्चालित माध्यमिक विद्यालय स्तरमा हुने शिक्षाको गुणस्तर सुधारका लागि विद्यालय तथा अध्ययनरत विद्यार्थीहरूलाई

उत्प्रेरित गरी प्रतिस्पर्धाको वातावरण सृजना गर्न र उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत गर्न सक्नेछ ।

(२) हाल महानगरपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुको शैक्षिक गुणस्तरको अवस्थालाई मध्येनजर गरी सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरुलाई छुट्टा छुट्टै प्रतिस्पर्थाको वातावरण सृजना गर्न सकिनेछ ।

(३) शैक्षिक विकास र समृद्धिमा टेवा पुर्याउन महानगरपालिकाले शैक्षिक गुणस्तर कमजोर भएका सामुदायिक विद्यालयलाई अन्य आवश्यक बैकल्पिक सहयोग गर्न सक्नेछ ।

## परिच्छेद-३
## पुरस्कार तथा सम्मान वितरण

४. **पुरस्कार तथा सम्मान वितरण प्रकिया :** (१) प्रत्येक वर्ष राष्ट्रिय परीक्षा बोर्डबाट एस.ई.ई. को नतिजा प्रकाशित भएपश्चात शिक्षा शाखाले एस.ई.ई. मा सहभागी विद्यार्थी तथा विद्यालयहरूलाई कम्तीमा सात ७ दिनको समय राखी सूचना प्रकाशन गर्नेछ ।

(२) एस.ई.ई. मा सहभागी विद्यार्थीहरूले आफ्नो ग्रेडसिटको प्रतिलिपी सहित आफ्नो विद्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(३) विद्यार्थीवाट प्राप्त निवेदन बमोजिम नीजको ग्रेडसिट रुजु गरी विद्यालयले ७ दिन भित्र शिक्षा शाखामा सिफारिस गर्नुपर्नेछ ।

(४) महानगरपालिकाले एस.ई.ई. परीक्षामा स्तरीकृत अङ्क ४ ल्याउने ललितपुर महानगरपालिका भित्रका सबै विद्यालयका विद्यार्थीलाई प्रति विद्यार्थी रु.दुई लाखका दरले पुरस्कार तथा सम्मान प्रदान गर्नेछ ।

(५) उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि ललितपुर महानगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी स्तरीकृत अङ्क ३.९५ सम्म ल्याउने विद्यार्थीलाई महानगरपालिकाले प्रति विद्यार्थी रु.दुई लाखका दरले पुरस्कार तथा सम्मान प्रदान गर्नेछ ।

(६) महानगरपालिकाले एस.ई.ई. परीक्षामा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले स्तरीकृत अङ्क ३.९५ सम्म ल्याएमा सो सामुदायिक विद्यालयलाई

समेत प्रति विद्यालय रु.चार लाखका दरले पुरस्कार तथा सम्मान प्रदान गर्नेछ ।

(७) महानगरपालिकाले एस.ई.ई. परीक्षामा स्तरीकृत अङ्क ४ ल्याउने ललितपुर महानगरपालिका भित्रका संस्थागत विद्यालयको हकमा कदर-पत्र द्धारा सम्मान गर्नेछ ।

(८) ललितपुर महानगरपालिकाले विशेष समारोहको आयोजना गरी उक्त पुरस्कार तथा सम्मान वितरणको कार्यक्रम गर्न सक्नेछ ।

## परिच्छेद-४
## विविध

**५. बजेटको व्यवस्था :** (१) एस.ई.ई. परीक्षामा दफा ४ को उपदफा ४, ५ र ६ मा उल्लेख गरीएको स्तरीकृत अङ्क ल्याउने विद्यार्थी तथा विद्यालयलाई सम्मान तथा पुरस्कार वितरणका लागि आवश्यक बजेट ललितपुर महानगरपालिकाले आन्तरिक स्रोतवाट व्यवस्था गर्नेछ ।

(२) यस कार्यविधिमा उल्लेखित विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यस विषयमा यस कार्यविधि लागू हुनु अघि भएगरेका कार्य (सम्मान तथा पुरस्कार वितरण) यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

६. **संशोधन तथा बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही कार्यपालिकाले संशोधन वा परिमार्जन गर्न तथा बाधा अड्काउ फुकाउन सक्नेछ ।

प्रमाणीकरण मितिः
२०८१/०२/२१

**आज्ञाले:**
रेखा दास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत